गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**वर्षः ३** **अंकः २५** **महिनाः २५** **माघ २०८१**

## अभियान विशेषः एच. पी. भी. खोप अभियान २०८१

विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका किशोरी र विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीलाई एच. पी. भी. खोप प्रदान गरी पाठेघरको मुखको क्यान्सर निवारण गर्नमा सहयोग पुऱ्याउने नेपाल सरकारको लक्ष्य भएको एच पी भी खोप अभियान २०८१ भव्य रुपमा बागलुङ जिल्लामा संचालन भइरहेको छ।




**जम्मा लक्षित संख्या ११४६२**

**२०८१/१०/३० सम्म खोप लगाएका किशोरीको संख्या १०९५४**





नेपालमा हरेक वर्ष २१६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ र यसबाट हरेक वर्ष १,३१३ जना (औसतमा प्रत्येक दिन ४ जना) महिलाहरूको मृत्यु हुने गरेकोमा नेपाल सरकारले सन् २०३० सम्म १० देखि १४ वर्ष उमेरभित्रका ९०% किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिने, ३० देखि ३९ वर्ष उमेर समूहका ९०% महिलाहरूको पाठेघरको



इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

## *प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक*

### जिल्ला स्तरीय खोप समन्वय समिति र संचारकर्मी एवं सरोकारवालाहरूको अभिमुखिकरण तथा अन्तरक्रिया गोष्ठी

जिल्ला समन्वय समितिका बागलुङका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका बागलुङ संयोजक आदरणीय श्री अमर बहादुर थापाज्यूको अध्यक्षतामा मिति २०८१/१०/०८ गते जिल्ला स्तरीय खोप समन्वय समिति र संचारकर्मी एवं सरोकारवालाहरूको अभिमुखिकरण तथा अन्तरक्रिया गोष्ठी सम्पन्न गरियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री घनश्याम सापकोटाले स्वागत मन्तव्यका साथै एच. पी. भी. खोप अभियान, ए.ई. एफ.आई. व्यवस्थापन, पूर्ण खोप सुनिश्चितता दिगोपना जस्ता महत्वपूर्ण एजेण्डाहरु बारेमा प्रकाश पार्नुभएको थियो ।









प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका खोप सुपरभाइजर श्री राजु खत्रीले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा छलफलमा उठेका महत्वपूर्ण प्राविधिक विषयहरुमा धौलागिरी प्रादेशिक अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. विजय ओझाले प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा श्रीमान् प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद सुबेदी, धौलागिरी प्रादेशिक अस्पतालका प्रमुख डा किरण तिवारी, जिल्ला समन्वय अधिकारी श्री कृष्ण राज गौतम, प्रहरी उपरिक्षक श्री ऋषिराम कँडेल, पत्रकार महासंघका अध्यक्ष श्री राम थापा लगायत जिल्ला खोप समन्वय समितिका पदाधिकारी र उल्लेख्य संख्यामा संचारकर्मीको सहभागीता रहेको थियो ।



**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८

# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## नियमित खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धी २ दिने गोष्ठि

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना एवं काठेखोला गाउँपालिकाको समन्वयमा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धी २ दिने गोष्ठि मिति २०८१/१०/७ र ८ मा सम्पन्न भएको छ ।

गत आर्थिक वर्षमा गरीएका खोप कार्यक्रमसँग सम्बन्धित विभिन्न क्रियाकलापहरुको समीक्षा गर्दै आगामी दिनहरुमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्नको लागि सूक्ष्मयोजना तयारी तथा अध्यावधिक गर्ने, नियमित खोप सेवा कार्यक्रमलाई सुदृढिकरण गर्ने, सरसफाई प्रबर्द्धन कार्यक्रम नियमित रुपमा संचालन गरी बालबालिकाहरुको पोषण अवस्थामा सुधार ल्याउने, सरसफाई युक्त व्यवहारमा परिवर्तन ल्याउने र सबै बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका अनुसारको सम्पूर्ण खोप दिलाई पूर्ण खोप सुनिश्चतता दिगोपना घोषणा गर्ने उदेश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो ।









काठेखोला गाउँपालिकाका अध्यक्ष आदरणीय श्री राजु थापाज्यूको अध्यक्षता एवं प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री घनश्याम सापकोटा र काठेखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री चुर्ण बहादुर कार्कीको आतिथ्यतामा संचालित उक्त कार्यक्रमको संचालन काठेखोला गाउँपालिकाका जनस्वास्थ्य अधिकृत श्री सोमराज पाण्डेले गर्नुभएको थियो भने रेश स्वास्थ्य चौकीका प्रमुख जनस्वास्थ्य अधिकृत श्री रामचन्द्र लामाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे र खोप सुपरभाइजर श्री राजु खत्रीले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा काठेखोला गाउँपालिकाका खोप समन्वय समिति एवं सरोकारवालाहरु, स्वास्थ्य संस्थाका प्रमुखहरु र खोप फोकल पर्सनहरुको सहभागीता रहेको थियो ।



इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## जिल्ला एम्बुलेन्स संचालन/ब्यबस्थापन समितिको बैठक

प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद सुवेदी ज्यूको अध्यक्षतामा मिति २०८१/१०/०३ गते जिल्ला एम्बुलेन्स संचालन/ब्यबस्थापन समितिको बैठक सम्पन्न भएको छ। बैठकमा बागलुङ जिल्लामा संचालित एम्बुलेन्सको भाडादर निर्धारण सम्बन्धि छलफल भएको थियो। बागलुङ जिल्लामा हाल १५ वटा एम्बुलेन्स संचालनमा रहेका छन्।

| क्र.सं. | स्थानिय तह | देखि | सम्म | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बागलुङ | पोखरा | पाल्पा | बुटवल | भरतपुर | काठमाण्डौ |
| १ | ढोरपाटन | बुर्तिबाङ | ६७०० | ११२०० | १०६०० | ११५०० | १७७०० | २२२०० |
| २ | निसीखोला | जुग्जाखोला | ७६०० | १२१०० | ११९०० | १२८०० | १८६०० | २३१०० |
| ३ | तमानखोला | बोङ्गादोभान | ७९०० | १२४०० | ११४०० | १२३०० | १८९०० | २३४०० |
| ४ | बडिगाड | ग्वालिचौर | ५६०० | १०१०० | ९८०० | १०७०० | १६६०० | २११०० |
| ५ | गलकोट | हरिचौर | ४१०० | ८६०० | ११५०० | १२२०० | १५१०० | १९६०० |
| ६ | ताराखोला | अर्गल | ३००० | ७५०० | | | १४१०० | १८५०० |
| ७ | बरेङ गा.पा. | बरेङ बजार | ५१०० | ९६०० | ८८०० | ९७०० | २०६०० | २५१०० |
| ८ | काठेखोला | बिहुँ | १४०० | ५९०० | | | १२४०० | १६९०० |
| ९ | जैमिनी न.पा. | कुश्मिशेरा | २१०० | ६६०० | | | १३१०० | १७६०० |
| १० | बागलुङ न.पा. | बागलुङ बजार | | ४५०० | | | ११००० | १५५०० |
| ११ | | अमलाचौर | १८०० | ६३०० | | | १२८०० | १७३०० |




## बागलुङ नगरपालिकालाई वालमैत्री स्थानीय शासन युक्त पालिका घोषणा कार्यक्रममा नसर्ने रोगको स्कृनिङ

बागलुङ नगरपालिकालाई मिति २०८१ /१०/०९ गतेका दिन बागलुङ नगरपालिकालाई वालमैत्री स्थानीय शासन युक्त पालिका घोषणा कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको सहभागिता साथै नसर्ने रोगको स्कृनिङ शिविर, प्राथमिक उपचार कक्षमा खटिएका धौलागिरी प्रदेशिक अस्पताल बागलुङ, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ, धौलागिरी आयूर्वेद अस्पताल बागलुङ, बागलुङ नगरपालिका स्वास्थ्य शाखा, बागलुङ नगर अस्पताल र विभिन्न स्वास्थ्य संस्थाको तर्फबाट अभियानमा सक्रिय सहभागिता रहेको थियो।









इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# द्वारा माघ महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## नियमित खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धी २ दिने गोष्ठि

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना एवं बागलुङ नगरपालिकाको समन्वयमा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धी २ दिने गोष्ठि मिति २०८१/१०/११ र १२ गते सम्पन्न भएको छ । गत आर्थिक वर्षमा गरीएका खोप कार्यक्रमसँग सम्बन्धित विभिन्न क्रियाकलापहरुको समीक्षा गर्दै आगामी दिनहरुमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्नको लागि सूक्ष्मयोजना तयारी तथा अध्यावधिक गर्ने, नियमित खोप सेवा कार्यक्रमलाई सुदृढिकरण गर्ने, सरसफाई प्रबर्द्धन कार्यक्रम नियमित रुपमा संचालन गरी बालबालिकाहरुको पोषण अवस्थामा सुधार ल्याउने, सरसफाई युक्त व्यवहारमा परिवर्तन ल्याउने र सबै बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका अनुसारको सम्पूर्ण खोप दिलाई पूर्ण खोप सुनिश्चतता दिगोपना घोषणा गर्ने उदेश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो ।














बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत आदरणीय श्री हरिदत्त कँडेलज्यूको अध्यक्षता, नगर प्रमुख आदरणीय श्री बसन्त कुमार श्रेष्ठज्यूको प्रमुख आतिथ्यता एवं नगर उप प्रमुख आदरणीय श्री राजु खड्काज्यूको आतिथ्यतामा संचालित उक्त कार्यक्रमको संचालन बागलुङ नगरपालिकाका जन स्वास्थ्य अधिकृत श्री विष्णु प्रसाद शर्माले गर्नुभएको थियो भने स्वास्थ्य शाखा प्रमुख एवं जनस्वास्थ्य अधिकृत श्री रामप्रसाद खनालले स्वागत मन्तव्य राखुभएको थियो । प्रादेशिक स्वास्थ्य निर्देशनालयका खोप अधिकृत श्री एकनारायण लम्साल, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर श्री राजु खत्री र WaterAid Nepal का क्वालिटि मनिटरिङ अफिसर श्री सम्झना पाठकले सहजिकरण गर्नुभएको उक्त कार्यक्रमको दोश्रो दिन कार्यक्रमको समापनको शिलसिलामा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री घनश्याम सापकोटाले कार्यक्रमको मर्म अनुसार समयमै पूर्ण खोप सुनिश्चितता, सूक्ष्मयोजना तयारी गर्नुको साथै सरसफाई प्रबर्द्धन सेसनलाई निरन्तरता दिनुपर्ने विषयमा जोड दिदैं गर्नुभएको थियो ।



**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.ः** ०६८-५२२४०८

## समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना र काठेखोला गाउँपालिकाको समन्वयमा लेखानी स्वास्थ्य चौकी अन्तरगत लेखानीमा मिति २०८१/१०/१३ मा समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया सम्पन्न भएको छ। १००० दिनका आमा, कृषक साथै उहाँहरु वाहेकका परिवारका अविभावक र स्वास्थ्यकर्मी लगायत २६ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा हजार दिनका आमा, कृषक, अविभावक तथा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी लगायतको सहभागिता रहेको कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले सहजिकरण गर्नु भएको थियो ।



## Rapid Response Team (RRT), महामारी र SORMAS समबन्धि अभिमुखिकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना साथै जैमिनी नगरपालिकाको समन्वयमा मिति २०८१/१०/१५ मा Rapid Response Team (RRT), महामारी र SORMAS समबन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। जैमिनी नगरपालिकाको द्रुत प्रतिकार्य समिति, द्रुत प्रतिकार्य टोली, स्वास्थ्यकर्मी, विषयगत क्षेत्र (स्वास्थ्य, खानेपानी तथा सरसफाइ र विपद् व्यवस्थापन) सम्बन्धित सरोकारवाला ३२ जनाको सहभागिता रहेको कार्यक्रममा द्रुत प्रतिकार्य टोली परिचालन निर्देशिका, प्रकोप पूर्व, प्रकोपको समयमा र प्रकोप पश्चातको समयमा समिती र टोलिका सदस्यहको काम कर्तब्य र अधिकारको वारेमा र प्रकोप नियन्त्रणका चरण साथै SORMAS प्रणालीको वारेमा जानकारी तथा छलफल गरिएको थियो।





सामाजिक विकास समितिका संयोजक विष्णु प्रसाद शर्माको अध्यक्षतामा नि. प्रमुख प्रशासकिय अधिकृत खेम आचार्य लगायत सरोकारवालाको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन जैमिनि नगरपालिका स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरिक्षक तिर्थ पौडेलले गर्नु भएको थियो । कार्यक्रमको उद्धेश्य तथा स्वागत स्वास्थ्य संयोजक गोविन्द प्रसाद आचार्यले गर्नु भएको थियो भने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माद्वारा कार्यक्रमको सहजिकरण गर्नुभएको थियो ।
यी पहलहरूले महामारी र स्वास्थ्य संकटको प्रारम्भिक चेतावनी संकेतहरू पहिचान गर्न, संक्रमणको स्रोत पत्ता लगाउन, र थप फैलावट रोक्न रणनीतिहरू कार्यान्वयन गर्न मद्दत गर्ने छन् ।


## समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना र काठेखोला गाउँपालिकाको समन्वयमा २०८१/१०/१८ पाला स्वास्थ्य चौकीको कार्यक्षेत्रमा रहेको छापा समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया सम्पन्न भएको छ। १००० दिनका आमा, कृषक, सरोकारवाला परिवारका अविभावक र स्वास्थ्यकर्मी लगायत ३२ जनाको उपस्थिति रहेको थियो र उक्त कार्यक्रममा पोषण, कुपोषण, माटो र पोषणको सम्बन्ध, कृषकको भुमिका लगायतको विषयमा छलफल गरिएको थियो । कार्यक्रममा पाला स्वास्थ्य चौकीका सि. अ. हे. व. शालिकराम शर्माले सञ्चालन गर्नुभएको थियो भने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्मा र पाला स्वास्थ्य चौकीका प्रमुख ध्रुव के. सीले सहजिकरण गर्नु भएको थियो ।














इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## एच.पी.भि खोप अभियान शुभारम्भ

जिल्ला समन्वय समिति बागलुङको प्रमुख अमर बहादुर थापाज्यू प्रमुख आतिथ्यता साथै अतिथि बागलुङ जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेल, जनस्वास्थ्य कार्यालय, बागलुङ नगरपालिकाको समन्वयमा स्वास्थ्यकर्मि, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकाको उपस्थितिमा मिति २०८१/१०/२२ मा रुद्रेपिपल मा. वि.बाट एच.पी.भि खोप अभियानको शुभारम्भ गरिएको छ।













# *बागलुङ जिल्लाका स्थानीय तहद्वारा माघ महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक*

## गलकोट नगरपालिका

- स्वास्थ्य सुचनाको तथ्यांक भेरिफिकेशन तथा विश्लेषण।
- गर्भवति प्रोत्साहन कार्यक्रम अन्तर्गत गर्भवति महिलाहरूका लागि फोटो फ्रेम उपहारको सुरूवात ।
- HPV खोप अभियानका लागि स्वास्थ्यकर्मी स्तरीय तालिम, पालिका तथा वडा खोप समन्वय समितिको अभिमुखिकरण एवं खोप अभियान सम्पन्न ।
- नियमित ग्रामिण अल्ट्रासाउण्ड तथा बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।
- विश्व कुष्ठरोग दिवसको अवसरमा विविध कार्यक्रम ।
- हजार दिनका आमाका लागि पोषण सम्बन्धी अभिमुखिकरण तथा पोषण लेखाजोखा कार्यक्रम ।

## बागलुङ नगरपालिकाः

- नसर्ने रोगको स्क्रिनिङ शिविर सम्पन्न ।
- HPV खोप अभियानको पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- HPV अभियान सम्पन्न ।
- विश्वकोष्ठरोग दिवस कार्यक्रम सम्पन्न ।
- बालमैत्री स्थानीय शासन युक्तपालिका घोषणा ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई स्वास्थ्य बीमा।

## काठेखोला गाउँपालिका

- एच.पि.भी. खोप अभियान २०८१ को पालिका तथा वडा खोप समन्वय समितिको अभिमुखिकरण साथै स्वास्थ्यकर्मीहरुको तालिम कार्यक्रम सहित अभियान कार्यक्रम सम्पन्न गरिएको ।
- पालिका खोप समन्वय समिती तथा सरोकारवालाहरुका लागि राष्ट्रिय खोप कार्यक्रम नियमित खोप र सरसफाइ प्रबर्द्धन कार्यक्रमको समीक्षा तथा सुक्ष्म योजना अद्यावधिक गोष्ठी कार्यक्रम सम्पन्न गरीएको ।
- समुदायस्तरमा आइ.एम.एन.सी.आइ.सचेतनात्मक कार्यक्रम संचालन गरीएको।
- हजार दिनका आमाहरुको लागि पोषण सम्बन्धी अभिमुखिकरण तथा लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको ।
- विश्व कुष्ठरोग दिवस, विश्व क्यान्सर दिवस, महिनावारी स्वच्छता सम्बन्धी लगायतका दिवसहरुको अवसरमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरीएको।
- पालिका स्तरीय द्रुत प्रतिकार्य समिति, टोलीलाई (RRT Guidline र SORMAS) अभिमुखिकरण कार्यक्रम सम्पन्न गरीएको।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत नसर्ने रोग, मानसिक स्वास्थ्य, लागूऔषध सेवन लगायतका विषयवस्तु सहितको कार्यक्रम संचालन गरीएको।
- क्षयरोगमुक्त पालिका कार्यक्रम अन्तर्गत पालिका स्तरीय समितीका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरीएको ।
- पोषण कार्यक्रम अन्तर्गत गर्भवती महिलालाई अण्डा तथा आयो नुन वितरण कार्यक्रम ।
- विपन्न, दलित परिवारको लागि स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत स्वास्थ्य विमा गरिएको।

## ताराखोला गाउँपालिका

- पौष महिनाको माशिक समिक्षा बैठक
- पालिका स्तरिय HPV खोप अभिमुखिकरण कार्यक्रम तथा वडा स्तरिय खोपको अभिमुखिकरण कार्यक्रम तथा HPV कार्यक्रम सम्पन्न
- कुष्ठरोग दिवश तथा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न
- अर्गल स्वास्थ्य चौकी तथा दोगाडी आ स्वा के मा सेटलाईट शिविर सम्पन्न
- ग्रामीण भिडियो एक्सरे सेवा संचालन
- मोतिया विन्दुको निशुल्क अपरेसन शिबिर सम्पन्न






इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

- स्वास्थ्यकर्मीहरुका लागि परिवार योजना तथा सायना प्रेस अभिमुखिरकण कार्यक्रम संचालन गरिएको।

## जैमिनी नगरपालिका

- स्वास्थ्यकर्मीहरुको लागि HPV खोप सम्बन्धि तालिम तथा अभिमुखिकरण।
- पालिका स्तरिय खोप समन्वय समिति लाई HPV खोप अभियान सम्बन्धि अभिमुखिकरण।
- वडा स्तरिय खोप समन्वय समिति तथा शिक्षकको लागि बैठक तथा अभिमुखिकरण।
- जैदी र छिस्तीमा VIA क्याम्प RUSG संचालन।
- फेब्रुअरी महिना लाई आयोडिन महिनाको रुपमा संचालन गर्न बिद्यालय स्वास्थ्य शिक्षा संचालन।
- HPV खोप अभियान संचालनको लागि महिला सामुदायीक स्वास्थ्य स्वयंम सेविका र स्वयंम सेवकको अभिमुखिकरण
- HPV खोप अभियान २०८१ सम्पन्न।
- स्वास्थ्यकर्मि र पालिका स्तरीय सिघ्र प्रतिकार्य समिति र द्रुत प्रतिकार्य टोलीलाई RRT र SORMAS सम्बन्धि अभिमुखिकरण ।
- वालमैत्री स्थानीय शासनको वडा स्तरमा स्वास्थ्य सुचकको verification ।

## बरेङ गाउँपालिका

- HPV खोप सम्बन्धी सबै तहको बैठक, अभिमुखिकरण, गोष्ठी तथा खोप अभियान सम्पन्न र १००% प्रगति प्राप्त।
- विश्व कुष्ठरोग दिवसको सन्दर्भमा धुल्लुबाँस्कोट, हुग्दिशिर र बाटाकाचौर स्वास्थ्यचौकीमा स्वास्थ्य शिक्षा र अन्तर्कृया।
- हुग्दिशिर सामुदायिक स्वास्थ्य इकाईमा पालिका स्तरीय घुम्ती मासिक बैठक तथा सिकाइ आदानप्रदान सम्पन्न ।
- सबै वडामा वडा स्तरिय पुर्ण खोप समन्वय समितिको बैठक द्वारा घर धुरी सर्वेक्षणको निर्णय ।
- सल्यान र सुखौरा स्वास्थ्यचौकीमा MSS फलो अप कार्यक्रम सम्पन्न ।
- हुग्दिशिर, बाटाकाचौर र सल्यान स्वास्थ्यचौकीमा गर्भवती महिलाहरुको नि शुल्क भिडियो एक्स रे सेवा।
- वडा नम्बर ५ को आर्थिक सहयोग , सुखौरा स्वास्थ्य चौकीको आयोजना र सि एन्ड सी अस्पतालको प्राविधिक सहयोगमा बृहत नि शुल्क स्वास्थ्य शिविर सम्पन्न।
- नसर्ने रोगको स्कृनिङको लागि सुखौरा स्वास्थ्यचौकी र सल्यान स्वास्थ्यचौकीमा ४० बर्ष नाघेका नागरिकहरुको रक्त परिक्षणको लागि प्रयोगशाला परिक्षण अभियान सम्पन्न।
- स्वास्थ्य सेवालाइ प्रविधी मैत्री बनाउनको लागि सबै स्वास्थ्य संस्थाहरुलाइ ल्यापटप र स्टेपलाईजर वितरण ।

## तमानखोला गाउँपालिका

- सबै स्वास्थ्य संस्थाबाट बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम गरी विश्व कुष्ठरोग दिवश मनाईएको।
- एच पि भी खोप अभियानको पालिका तथा वडास्तरीय कृयाकलापहरू सहित खोपभियान सफलतापूर्वक सम्पन्न गरिएको।
- विश्व क्यान्सर दिवशको अवसरमा खुँखानी स्वास्थ्य चौकीमा पाठेघरको मुखको क्यान्सर स्कृनिङ तथा एकिकृत प्रजनन रुग्णता ब्यवस्थापन कार्यक्रम।
- वडा नम्बर १ मा साथ कार्यक्रमको समिक्षा।

## बडिगाड गाउँपालिका

- जनता सँग पालिका अध्यक्ष निशुल्क स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत लक्षित समुहहरुलाई विमित गरिएको ।
- वडा न. ६ आधारभुत स्वास्थ सेवा केन्द्र खालमा एकिकृत जनस्वास्थ्य अभियान संचालन गरिएको ।
- विश्व कुष्ठरोग दिवसको अवसरमा कुष्ठरोग सम्बन्धी विधालय स्वास्थ्य शिक्षा संचालन गरिएको ।
- HPV खोप अभियानको पालिका स्तरिय कार्यक्रमहरु संचालन गरि सम्पन्न गरिएको ।






इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

## ढोरपाटन नगरपालिकाः

- HPV खोप सम्बन्धी सबै तहको बैठक, अभिमुखिकरण, गोष्ठी तथा खोप अभियान, अनुगमन सन्चालन।
- स्वास्थ्य संस्था प्रमुखहरुको लागि कार्यालय सन्चालन तथा व्यवस्थ्यापन समबन्धी २ दिने तालिम सन्चालन।
- अधिकारीचौर स्वास्थ चौकी र बोबाङ मा ३ दिन पाठेघरको मुखको क्यानसर को VIA screening।
- विश्व कुष्ठरोग तथा क्यान्सर दिवसको अवसरमा स्वास्थ्य शिक्षा र अन्तर्कृया वोवाङ मा सम्पन्न।
- गर्भवतिको लागि निशुल्क ल्याब परिक्षण कार्यक्रम सन्चालन।
- महिनाबारी स्वस्चछता सम्बन्धी बिधालय स्वास्थ्य शिक्षा सन्चालन।
- सबै बिधालयहरुलाइ प्राथामिक उपचार बक्स सहित सामाग्री वितरण।
- वोबाङ स्वास्थ चौकि र खुङा स्वास्थ चौकिको न्युनतम सेवा मापदण्ड अन्तर्गत फ्लोअप।
- गर्भवती महिलाहरुको नि शुल्क भिडियो एक्स रे सेवा।
- स्वास्थ्य सेवालाइ प्रविधी मैत्री बनाउनको लागि बाकी स्वास्थ्य संस्थामा फोटोकपी तथा प्रीन्टर वितरण ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत बुर्तिबाङ बजार भित्र बाटोमा फोहोर व्यवस्थापन्को लागि फोहोर मलाइ कन्टेनरको सेट अप।
- स्वास्थ्य निर्देशनालय को आयोजना र स्वास्थ्य शाखाको आयोजनामा फिल्ड स्तरिय खानेपानीको श्रोतको अनुगमन तथा सरोकारवालहरुको १ दिने अभिमुखिकरण कार्यक्रम।
- स्वास्थ्य शाखाबाट प्रदान हुने सेवा नगरपालिकाको आफ्नै प्रशाशिक भवन बाट दिन थालियको।

## निसिखोला गाउँपालिका

- HPV खोप सम्बन्धि स्वास्थ्यकर्मिहरू, पालिका, वडा खोप समन्वय समिति र स्वंयम सेवकको अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- HPV खोप अभियान सन्चालनको अवस्थामा।
- कुष्ठरोग र महिनावारी स्वच्छता सम्बन्धि बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सन्चालन ।
- पूर्णखोप सुनिश्चितता तथा दिगोपना सम्बन्धि पालिका ,वडा खोप समन्वय समिति र स्वास्थ्यकर्मीहरूको अभिमुखिकरण कार्यक्रम सम्पन्नता ।
- बोहरागाउँ स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न ।
- बिद्यालयका किशोरीहरूलाई आइरन वितरण साथै स्वास्थ्य शिक्षा ।
- जुनोटीक रोग सम्बन्धि सरोकारवालाहरलाई अभिमुखिकरण सम्पन्न ।

# फोटो एल्बम : HPV खोप अभियान २०८१

## जिल्ला स्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठी
















इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# फोटो एल्बम : HPV खोप अभियान २०८१

## जिल्ला स्तरीय खोप समन्वय समिति र संचारकर्मी एवं सरोकारवालाहरूको अभिमुखिकरण तथा अन्तरक्रिया









# फोटो एल्बम : HPV खोप अभियान २०८१

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको अभिमुखीकरण

















# फोटो एल्बम : HPV खोप अभियान २०८१

## विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम













# फोटो एल्बम : HPV खोप अभियान २०८१

## खोपकर्मी, शिक्षक तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिको अभिमुखीकरण




















# फोटो एल्बम : HPV खोप अभियान २०८१

## अभियान शुभारम्भ कार्यक्रम


















# फोटो एल्बम : HPV खोप अभियान २०८१

## HPV खोप अभियान २०८१




















































इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# फोटो एल्बम : HPV खोप अभियान २०८१

## अभियानको क्रममा खिचिएका रचनात्मक तस्बिर




























# फोटो एल्बम : HPV खोप अभियान २०८१

## अनुगमन, सुपरिवेक्षण तथा द्रुत सुलभ सर्वेक्षण













